बागमती प्रदेश सभा
सार्वजनीक लेखा समिति
हेटौंडा, नेपाल

# कृषि अनुदान वितरण सम्बन्धमा छानबिन गर्न गठित उपसमितिको प्रतिवेदन

भाद्र, २०७९

# परिच्छेद – एक

# परिचय

## १.१ पृष्ठभूमिः

प्रदेश सरकारद्वारा गरिएका सार्वजनिक लेखा सम्वद्व कार्यको सम्बन्धमा भएका समग्र गतिविधीको निगरानी गर्ने काम सार्वजनिक लेखा समितिले गर्दछ। यस समितिले सरकारलाई असल कार्य, आर्थिक सुशासन, पारदर्शिता, जवाफदेहिता, कार्यदक्षता अभिवृद्धि र मितव्ययिता कायम गराउन विशेष जोड दिन्छ। नेपालको संविधानको धारा १९३ तथा प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम यो समितिको गठन भएको हो। समितिले महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेखित वेरुजु तथा सरकारको कार्य क्षेत्र भित्र हुने सार्वजनिक खर्च सम्बन्धी विषयमा आवश्यक सुझाव र निर्देशन दिने गर्दछ। सरकारी/सार्वजनिक/गैह्र सरकारी तथा निजी निकायले सार्वजनिक सम्पतिको दुरुपयोग वा हिनामिना गरेमा साथै सरकारी लेखा वा कारोवार वा सार्वजनिक लेखा वा सार्वजनिक सरोकार तथा चासोका विषयमा यस समितिले आवश्यक छानविन गर्न सक्ने व्यवस्था छ।

बागमती प्रदेश सरकारद्वारा आ.व. २०७६/७७ देखि आ.व. २०७८/७९ को अन्त्यसम्म वजेट विनियोजन तथा कार्यक्रम कार्यान्वयन मार्फत गरेको कृषि अनुदान वितरण प्रकृयामा अनियमितता भएको भन्ने विषयले पनि बागमती प्रदेश सभामा प्रवेश पाएको थियो। उक्त विषयमा सत्यतथ्य जाँचबुझ गरी कारवाही अगाडी बढाउन आवश्यक रहेको वा नरहेको सम्बन्धमा सिफारिस गर्न सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधी, २०७५ को वुंदा नं. ६[५(१)] बमोजिम सार्वजनिक लेखा समितिको मिति २०७९/०३/१६ गतेको बैठकको निर्णयानुसार सार्वजनिक लेखा समितिका सभापति माननीय न्हुक्षेनारायण श्रेष्ठको संयोजकत्वमा गठीत उपसमितिले थप छानविन आवश्यक रहेकोले उपसमिति गठन गर्न गरेको सिफारिसका आधारमा पूर्ण समितिको मिति २०७९/०४/०८ को बैठकबाट माननीय मुनु सिग्देलको संयोजकत्वमा यस उपसमितिको गठन भएको हो। गठित उपसमितिको कार्यसम्पादन अवधी २०७९/०५/१० तोकिएको थियो। यस समितिले गठन लगत्तै आफ्नो कार्य सुरुवात गरी अध्ययन तथा छलफलका आधारमा यो प्रतिवेदन तयार पारेको हो।

## १.२ समिति र कार्यक्षेत्र

### १.२.१ समिति संरचना

सार्वजनिक लेखा समिति कार्यसञ्चालन कार्यविधी, २०७५ को वुदाँ नं. ९बमोजिम गठित समितिको संरचना निम्नानुसार रहेको छः

१. संयोजक- मा. मुनु सिग्देल

२. सदस्य- मा. ओम बहादुर ग्लान

३. सदस्य- मा. जिवन खड्का

### १.२.२ समितिको कार्यक्षेत्र

यस समितिले तपशिलको कार्यक्षेत्र भित्र अध्ययन तथा छानविन गरी प्रतिवेदन पेश गर्न तोकिएको छः

क) बागमती प्रदेश सरकारको अनुदानमा निर्माण भएका १० वटा शीतभण्डारहरु।

ख) हेटौंडा र ललितपुरमा बागमती प्रदेश सरकारको अनुदानमा निर्मित पशुबधशालाहरु ।

ग) बंगुर फार्म धादिङ

## १.३ अध्ययन विधी

समितिले आफ्नो कार्यसम्पानका लागि निम्न प्रकृया अवलम्वन गरेको थियो।

१. स्थलगत अध्ययन अनुगमन

२. कागजातको अध्ययन

३. प्रश्नोत्तर तथा छलफल

४. सम्बन्धित निकायहरुसंगको अन्तर्क्रिया

# परिच्छेद- दुई

## अध्ययनका क्रममा प्राप्त तथ्यहरु

### २.१ मिति २०७९।०४।१२ मा मन्त्रालयका पदाधिकारीहरुसंगको चिस्यान केन्द्रका सम्बन्धमा छलफलबाट प्राप्त जानकारी

समितिको बैठकमा मन्त्रालयका तर्फबाट चिस्यान केन्द्रहरु निर्माण सम्बन्धमा हालसम्मको प्रगति तथा समस्याहरुबारे छलफलका लागि आमन्त्रण गरिएकोमा मन्त्रालयबाट कृषि अर्थ विज्ञ एवम् सूचना अधिकारी श्री अनुप अधिकारी, सिभिल इन्जिनियर श्री अमिर छुजु र सिभिल इन्जिनियर श्री दिपेन्द्र सापकोटाको उपस्थिति रहेको थियो । उक्त छलफलबाट प्राप्त मुख्य मुख्य जानकारी निम्नानुसार रहेको छः

- संस्थागत साझेदारीमा मन्त्रालय र साझेदारबिच ७०% - ३०% लगानी साझेदारी।
- नीजि साझेदारीमा मन्त्रालय र नीजिबिच ५०%- ५०% लगानी साझेदारी ।
- थाहा नगरपालिकामा निर्माणाधीन चिस्यान केन्द्रको लागत सशर्त अनुदानमार्फत रहेको र निर्माण तथा सञ्चालनको पूर्ण जिम्मेवारी स्थानीय तहमा रहने ।
- बेनिघाट रोराङ चिस्यान केन्द्र, धादिङको हकमा पूर्ण लगानी प्रदेश सरकारको रहने गरी मन्त्रिपरिषद्को निर्णय भएको र त्यसको पूर्ण स्वामित्व प्रदेश सरकारमा रहने गरी कार्यविधी तयार भएको ।
- कालिका गाउँपालिका रसुवामा रहेको चिस्यान केन्द्रको प्राविधिक परीक्षण समेत सम्पन्न भई सञ्चालनमा रहेको तर हस्तान्तरण गर्न बाँकी रहेको ।
- अन्य अधिकांश योजनाको कार्यसम्पन्न प्रतिशत ९०% भन्दा माथि रहेको ।
- हालसम्म कुनैपनि योजना हस्तान्तरण नभएको ।
- शीत भण्डार निर्माण तथा सञ्चालन कार्यविधि,२०७५ बमोजिम निर्माण भएतापनि शीत भण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधी २०७८ अनुसार सञ्चालन तथा व्यवस्थापन हुने ।
- कालिका गाउँपालिका रसुवा र मन्थली नगरपालिका रामेछापबाट पूरै साझेदारी रकम प्राप्त भइसकेको ।
- मन्थली नगरपालिकास्थित चिस्यानकेन्द्रमा ३ फेज लाईन नभएकोले सञ्चालन हुन नसकेको ।

बागमती प्रदेश सभा सार्वजनिक लेखा समिति हेटौंडा, नेपाल

- नुवाकोटस्थित हिमालयन शीतभण्डार र बेल्कोट शीतभण्डार नीजिक्षेत्रसँगको साझेदारीमा निर्माण हुँदै गरेको ।
- दोलखाको भिमेस्वर नगरपालिकामा बन्न लागेको चिस्यानकेन्द्र हाई भोल्टेज लाइनको मुनि पर्ने र अनुपयुक्त भएकोले काम अघी नबढाउन स्वास्थ्य, शिक्षा तथा कृषि समितिले निर्देशन दिएकोले आधारभूत डिपिसि गरेपश्चात काम रोकिएको र स्थगन गरिएको ।
- मुख्य समस्याहरुः
  - स्थानीय तहबाट साझेदारी रकम प्राप्त हुन नसकेको,
  - स्थानीय तहले विद्युत प्राधिकरणसंगको समन्वयमा ३ फेज लाईन व्यवस्थापन गर्नुपर्नेमा सो हुन नसकेको,
  - विद्युतीय पूर्वाधार निर्माणमा कठिनाइ भएको,
  - पटक पटकको प्रयासमा समेत स्थानीय तहको बेवास्ताका कारण प्राविधिक परीक्षण हुन नसकेको,
  - व्यवस्थापनको तयारी नरहेको,
  - Package wise Defect Liability period रहेको तथा ठेकेदारले कार्य सम्पन्न गर्न हतार गरेतापनि स्थानीय तहबाट रकम प्राप्त हुन नसकेको ।

## २.२ खैरहनी नगरपालिका चितवनको शीतभण्डार अनुगमनका क्रममा प्राप्त विवरण

- जग्गा स्वामित्वः सार्वजनिक
- क्षमताः १५०० मे.ट.
- कुल सम्झौता रकमः १२,९४,४२५५८।८०
- स्थानीय तहबाट साझेदारीबापत भुक्तानी भएको रकमः २,५०,००,०००/-
- स्थानीय तहबाट साझेदारीबापत भुक्तानी हुन बाँकी रकमः १,३८,३२,७६७/-
- कार्यसम्पन्न प्रतिशतः ९४%
- स्थानीय तहका अनुसारः
  - पूर्णरुपमा सञ्चालनमा नआएसम्म बाँकी भुक्तानी गर्न नसकिने
  - ठेकेदार सम्पर्क र समन्वयमा नआएको
  - ट्रान्सफर्मर परिवर्तन गरिनुपर्ने

- कुलिङ मेसिन कम क्षमताको राखी हाल सचेत गराएपश्चात थप उपकरण जडानमार्फत संख्यात्मक रुपमा क्षमता पुर्याउन खोजिएको
- ३ फेज लाइनका सम्बन्धमा स्पष्ट जानकारी नभएको, कसले राख्ने र सम्झौता नभएकाले स्थानीय तहलाई लगानी गर्न कठिनाई भएको
- जेनेरेटर पनि कम क्षमताको राखिएको
- स्वामित्वका सम्बन्धमा स्पष्ट नहुँदा स्थानीय तहबाट बाँकी भुक्तानी गर्न कठिनाई रहेको तर नीतिगत स्पष्टता भएमा साझेदारीबापतको रकम भुक्तानीको लागि बजेट व्यवस्थापन गर्न सकिने
- चिस्यानकेन्द्र हस्तान्तरण पश्चात कृषकका उत्पादन चिस्यानकेन्द्रसम्म ढुवानीमा अनुदानको लागि ३०% रकम बेहोर्ने गरी बजेट व्यवस्थापन भइसकेको
- सीमित सहकारीसंगको सम्झौता र कार्यबाट आम नागरिकको स्वमित्वको ग्यारेन्टि हुन नसक्ने नीतिगत समस्या रहेको ।

- नगरपालिकभित्रका ३२ वटा सहकारी संस्थाहरुले विशिष्टिकृत सहकारी संघ निर्माण गरी सोहीमार्फत प्रशासनिक भवन, शौचालय, खानेपानी, चिस्यानकेन्द्रलाई आवश्यक र्‍याक लगायतका पूर्वाधारका काममा लगानी गरिरहेको,कम्पाउन्डवाल निर्माण प्रदेश सरकारको छुट्टै बजेटबाट निर्माण गरिएको।
- साझेदारीका सम्बन्धमा कुल साझेदारी रकमको साझेदार तर्फ पर्ने हिस्साको स्थानीय तह र सहकारी संघबिच ८०% र २०% का दरले साझेदारी गर्ने तयारी रहेको ।
- स्वामित्व तथा सञ्चालनसम्बन्धी अस्पष्टताका कारण सहकारी साझेदार तर्फबाट साझेदारी रकम हस्तान्तरण गर्न र थप पूर्वाधार निर्माणका कार्य गर्न अन्यौलता रहेको ।
- विद्युतीय वायरिङमा समस्या देखिएको ।
- चिस्यानकेन्द्रभित्र विभिन्न स्थानमा पानी चुहिएको स्थलगत अनुगमनका क्रममा भेटिएको ।
- निर्माण सामाग्रीहरुको यथोचित व्यवस्थापन नभएको र सामाग्रीहरु यत्रतत्र राखिएको अवस्थामा रहेको ।
- मन्त्रालय र सम्बन्धित स्थानीय तहबिच समन्वयको कमी देखिएको ।
- निर्माणका क्रममा स्थानीय तहलाई वेवास्ता गरिएको ।

२.३ बेनिघाट रोराङ चिस्यान केन्द्र धादिङ

- जग्गा स्वामित्वः सरकारी जग्गा
- क्षमताः १५०० मे.ट.
- कुल सम्झौता रकमः ११,९६,७३,६०५/-
- प्रदेश सरकारको एकल लगानीमा बन्ने, साझेदारी नभएको
- कार्यसम्पन्न प्रतिशतः ९४%
- निर्माण सम्पन्न भएपश्चात हस्तान्तरण लिन स्थानीय तह तयार रहेको,
- वालुवायुक्त जमिनका कारण पहिरो नियन्त्रणका लागि विशेष ध्यान दिनुपर्ने देखिएको
- आन्तरिक पूर्वाधार निर्माण कार्य अधिकाँश सम्पन्न रहेको,
- भवनसम्म पुग्ने बाटो जीर्ण रहेको,
- प्रशासनिक भवन, शौचालय, खानेपानी, कम्पाउन्ड लगायतका कुनैपनि पूर्वाधार नरहेको,
- चिस्यान केन्द्र सञ्चालनका लागि भित्र आवश्यक पर्ने र्याक लगायतका पूर्वाधार नरहेको,
- त्यस क्षेत्रको उत्पादन कम रहने र ठूलो क्षमताको चिस्यान केन्द्र बनेकाले सञ्चालनमा कठिनाई देखिने सम्भावना रहेको,
- पूर्ण खर्च प्रदेश सरकारबाट बेहोरिएको र टेन्डर भएकाले सो पश्चात सहकारीबाट रेखदेख नगरिएको, प्रदेश सरकारबाटै सम्पूर्ण कार्य हेरिएको,
- भूक्षय नियन्त्रणमा विशेष ध्यान आवश्यक रहेको,
- प्रदेश सरकारमार्फत प्राप्त छुट्टै बजेटबाट चिस्यान केन्द्र क्षति हुनबाट रोक्न भित्तामा रिटेनिङ वाल लगाएको वर्षातको पानी कटाउनको लागि आवश्यक व्यवस्था गरेको, छेउतर्फ ग्याविन भेरेर संरक्षण प्रयास गरेको,
- वर्षातको पानी व्यवस्थापनको लागि gutter निर्माण गर्न आवश्यक रहेको,
- स्थानीय तहसँग समन्वय नभएको ।

२.४ कालिका गाउँपालिका चिस्यान केन्द्र रसुवा

- जग्गा स्वामित्वः सहकारीको नाममा
- क्षमताः ३०० मे.ट.
- कुल सम्झौता रकमः ३,७०,३५,३३५ ।

- स्थानीय तहबाट साझेदारीबापत भुक्तानी भएको रकमः १,११,१०,०००/-
- स्थानीय तहबाट साझेदारीबापत भुक्तानी हुन बाँकी रकमः नरहेको
- कार्यसम्पन्न प्रतिशतः १००%
- प्राविधिक परीक्षण भइसकेको,
- ६ वटा च्याम्बर रहेको,
- हस्तान्तरण नभएको,
- चिस्यान केन्द्रमा आलुको विउ भण्डारण गरी सबै च्याम्बर भरिभराउ अवस्थामा रहेको,
- सञ्चालन सम्बन्धी तालिम नदिइएको भएतापनि दुइजना कर्मचारीले सञ्चालन गरिरहनुभएको,
- नुवाकोटको दररेट अनुसार प्रयोग भइरहेको,
- र्‍याकको अभावमा केही आलु उम्रिसकेको र समस्या आउनसक्ने देखिएको,
- ठूलो हलमा कुलिङ क्षमता नपुगेको जसले गर्दा आलु उम्रन थालेको,
- भण्डारण पूर्व र पश्चातको लागि आवश्यक होल्डिङ सेन्टरको अभाव देखिएको,
- स्थानीय तहकै उत्पादनले भरिने,
- सडक निर्माण, ढल व्यवस्थापन, Gutter निर्माण, घेरावार, प्रशासनिक भवन तथा शौचालयको व्यवस्थापन लगायतमा समस्या रहेको,
- हालको लागि २०७८ चैत्र देखि आलु भण्डारण शुरु गरिएको तर प्राविधिक तालिम नभएकाले भण्डारण भइसकेको सामाग्रीमा केही समस्या आएको,
- Weight lifting machine आवश्यक रहेको हाल भण्डारणका लागि भर्‍याङबाट मानिसले बोकेर माथिल्लो तल्लामा लैजाने गरिएको,
- सामान भण्डारणको लागि र्‍याक व्यवस्थापन हुन नसकेको,
- भित्तातर्फ Retaining Wall आवश्यक रहेको,
- AC machine को पानी  भण्डारण केन्द्रभित्र चुहिरहेको,
- शुरु डिपिआर को लागि रु.४,६५,०००।- र जग्गाको लागि १,१४,०००/- सहकारी साझेदारको खर्च भएको,
- हालको सञ्चालन खर्च सहकारीले व्यवस्थापन गरेको,
- ठूलो हल कोठामा एसीको क्षमता नपुग्ने भएकाले थप गर्न आवश्यक देखिएको,
- महालेखापरीक्षकको प्रतिवेदनमा गाउँपालिकाबाट भुक्तानी भएको सम्पूर्ण रकम बेरुजू कायम भएको ।

बागमती प्रदेश सभा सार्वजनीक लेखा समिति हेटौंडा, नेपाल

२.५ बेलकोट कोल्ड स्टोरेज बेलकोटगढी नुवाकोट

- जग्गा स्वामित्वः फर्मको नाममा
- क्षमताः ५००० मे.ट.
- प्रदेश सरकार र नीजि क्षेत्रको ५०%-५०% साझेदारीमा निर्माण हुँदै गरेको,
- ६०% कार्य सम्पन्न भनिएको तर कार्य सन्तोषजनक नरहेको,
- ठेकेदारः रसुवा कन्स्ट्रक्सन प्रा. लि.
- भूईं तल्ला र पहिलो तल्लामा फलामे फ्रेम हालिएको,
- फलामका सामानहरु आइपुगेको,
- Measurement Floor करिब आइपुगेको,
- विद्युतको व्यवस्थापन तयारी भइसकेको,
- कोभिड र भेरियसनका कारण ढिलाई भएको भनिएको,
- कम्पाउन्ड नभएको र संरचनाको एकातर्फ कमजोर भाग रहेको,
- कुलर मेसिन आउन बाँकी रहेको ।

२.६ हिमालयन शीतभण्डार प्रा लि विदुर ५ नुवाकोट

- जग्गा स्वामित्वः फर्मको नाममा
- क्षमताः ५००० मे.ट.
- प्रदेश सरकार र नीजि क्षेत्रको ५०%-५०% साझेदारी रहेको,
- ६०% कार्य सम्पन्न भनिएको तर कार्य सन्तोषजनक नरहेको,
- ठेकेदारः रसुवा कन्स्ट्रक्सन प्रा. लि.
- भूईं तल्ला र पहिलो तल्लामा फलामे फ्रेम हालिएको,
- फलामका सामानहरु आइपुगेको,
- Measurement Floor करिब आइपुगेको,
- विद्युतको व्यवस्थापन तयारी भइसकेको,
- कोभिड र भेरियसनका कारण ढिलाई भएको भनिएको,
- कम्पाउन्ड नभएको,
- कुलर मेसिन आउन बाँकी रहेको ।

बागमती प्रदेश सभा
सार्वजनीक लेखा समिति
हेटौंडा, नेपाल

२.६ इन्द्रावती शीतभण्डार केन्द्र, इन्द्रावती -७ सिन्धुपाल्चोक

- जग्गा स्वामित्वः सार्वजनिक वन
- क्षमताः ५०० मे.ट.
- कुल सम्झौता रकमः ५,३५,४९,१५७।
- स्थानीय तहबाट साझेदारीबापत भुक्तानी भएको रकमः ९५,००,०००/-
- स्थानीय तहबाट साझेदारीबापत भुक्तानी हुन बाँकी रकमः ६५,६४,७४७/-
- कार्यसम्पन्न प्रतिशतः १००%
- प्राविधिक परीक्षण बाँकी रहेको,
- साझेदार सहकारीका तर्फबाटः
  - मन्त्रालयमा पूर्ण परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी पेश गरिएको तर मन्त्रालयले आफ्नै डिपिआर तयार गरी लागू गरेकाले चिस्यानकेन्द्र भवन बाहेक कुनै पनि संरचना नरहेको, डिपिआर वापतको खर्च खेर गएको,
  - टेन्डर प्रकृया लगायत सम्पूर्ण कार्य मन्त्रालयबाट गरिएको र साझेदार संस्था र स्थानिय तहलाई वेवास्ता गरिएको,
  - प्रशानसनिक भवन र शौचालय अत्यावश्यक रहेको,
  - पैसा छुट्याउने र भुक्तानी गर्नुपर्ने प्रकृयामा Process Lacking भएको जसले गर्दा स्थानीय तहले भुक्तानी गर्ने प्रकृयामा समस्या रहेको,
  - फाइनल किस्ताको लागि फाइनल विल प्राप्त भएपश्चात मात्र गाउँपालिकाबाट भुक्तानी दिने,
  - फाइनल विल प्राप्त हुन नसकेको तर भुक्तानी माग भएको,
  - मन्त्रालय आफैं अलमलमा रहेको अवस्था रहेको,
  - सहकारी विद्युतीकरण प्रकृयाका लागि तयार रहेको तर कार्यविधी परिवर्तनका कारण स्वामित्व स्थानीय तहमा रहने गरी आएकाले कार्य गर्न कठिनाई रहेको,
  - न्याक आवश्यक रहेको तर उपलब्ध गराउन नसकिने अवस्था रहेको,
  - प्राविधिक जानकारी उपलब्ध नगराइएको, खर्चको लाभलागत विवरण तथा सञ्चालन खर्चका बारेमा जानकारी नगराइएको,

बागमती प्रदेश सभा
सार्वजनिक लेखा समिति
हेटौंडा, नेपाल

- भवनको पछिल्लो भाग कमजोर रहेको, ग्याविनको काम पछि गर्ने भनिएको तर हालसम्म नगरिएको,
- वर्षातको पानी व्यवस्थापनका कमजोरी रहेको,
- निर्माणका कुनै पनि प्रकृयामा साझेदारलाई संलग्न गराइएन,
- डिपिआर निर्माणमा करिब ६ लाख खर्च भएको तर सोको उपलब्धी नभइ खेर गएको उक्त रकम फिर्ता पनि नभएको,
- गाउँपालिकाले समिति बनाएर मात्र हस्तान्तरण लिने,
- भवन सम्म आइपुग्ने बाटो निर्माण आवश्यक रहेको ।

➢ पूर्व वडाध्यक्षः

- मन्त्रालयबाट अनावश्यक रुपमा म्याद थप भएको,
- यस अघिनै पूर्ण साझेदारी रकम विनियोजन गरिएको तर कार्यसम्पादन नभएकोले भुक्तानी गर्न नसकिएको र छुट्याइएको रकम फ्रिज भएको,
- बाटो कम्पाउन्ड र अन्य प्रशासनिक संरचना नबनेकोले समस्या रहेको,
- चिस्यान केन्द्र आवश्यकतामा बनेकोले भरपुर सदुपयोग हुने,

➢ गाउँपालिका अध्यक्षः

- निर्माण र निर्णय प्रकृयामा सामेल गराइनुपर्ने,
- स्थानीय तहको स्वामित्व प्राप्त हुनुपर्ने,
- सहकारीको शुरु लगानी खेर गएको र अपूर्ण प्रकृतिको डिपिआर बनेको,
- पूर्ण रुपमा चल्ने भएपश्चात मात्र हस्तान्तरण लिइने,
- बाटो निर्माण, प्रशासनिक भवन, शौचालय, खानेपानीको व्यवस्था सम्बन्धमा अन्यौलता रहेको,
- नीतिगत अस्पष्टता रहेको,
- आवश्यकताका आधारमा बजेट व्यवस्थापन गर्न सकिने,
- टेन्डरमा below बापतको बाँकी रकम प्रयोग गर्ने व्यवस्था हुनुपर्ने,
- साझेदारीबापतको रकम सडक, प्रशासनिक भवन, र्याक निर्माण लगायत संरचनामा लगानी गर्नेगरी नीतिगत व्यवस्था हुनुपर्थ्यो,

➢ जेनेरेटरले पूर्ण क्षमतामा काम गर्न नसक्ने,

➢ संरक्षणका लागि कम्पाउन्ड लगायत भौतिक पूर्वाधार आवश्यक रहेको,

अनिल १० ओलीमि.

बागमती प्रदेश सभा सार्वजनिक लेखा समिति हेटौंडा, नेपाल

- ढल व्यवस्थापन र Gutter निर्माण गर्नुपर्ने,
- होल्डिङ स्पेस कम रहेको,
- TOD meter का सम्बन्धमा कन्फर्म हुन नसकेको,

## २.७ लिसङखुपाखर कोल्डस्टोर

- जग्गा स्वामित्वः सरकारी कार्यालय कृषि सेवा केन्द्रको
- क्षमताः ५०० मे.ट.
- प्राविधिक परीक्षण बाँकी रहेको,
- पानी चुहिने समस्या रहेको,
- कच्ची सडक करिव ३०० मिटर रहेको सडक बन्नुपर्ने,
- भवनको भित्तातर्फ पहिरो रहेको,
- ठेकेदारलाई पटक-पटक ताकेता गरेतापनि समयमा काम नभएको,
- अन्तिम किस्ता रकम कार्य सम्पन्न नभएकोले नबुझाइएको सो भन्दा अघि सबै रकम समयमै बुझाइएको,
- यस वर्ष पनि बजेट व्यवस्थापन भएको,
- एक लाख पचास हजार लगानी गरेर शुरुमा डिपिआर बनाई बुझाइएको तर उक्त डिपिआर रद्द गरी हालको अपुरो डिपिआरमार्फत कार्यक्रम कार्यान्वयन भएको,
- मुख्य उत्पादन आलु रहेको र पूर्ण रुपमा सञ्चालनमा आउँदा समेत आकार सानो हुने,
- ट्रान्सफर्मर ठेक्काबाटै गर्ने पालिकाले सिफारिस मात्र पालिकाले गर्ने भन्ने बुझिएको,
- ३ फेज लाईन तयारी अवस्थामा रहेको र ५०० मिटर टाढा रहेको,
- सडक निर्माण, ढल व्यवस्थापन, पूर्वाधार निर्माण लगायतका काम बाँकी रहेको,
- स्थानीय तहमा साझेदारी रकम बेरुजु रहेको,
- कार्यविधिका कारण सहकारीमार्फत सम्झौता गरिएको तर सम्पूर्ण रकम गाउँपालिकाले नै बेहोरेको,
- काम गर्ने क्रममा ठेकेदारको मनोमानी रहेको र सन्तोषजनक काम नभएको,
- कुलर मेसिनहरुको सुरक्षाको कुनै व्यस्था नरहेको,
- निर्माणका क्रममा पार्टेसनहरुमा ग्याप देखिएको र जोइन्टहरु कच्चा रहेको,
- न्याक निर्माण कसरी गर्ने अस्पष्ट रहेको,

बागमती प्रदेश सभा
सार्वजनिक लेखा समिति
हेटौंडा, नेपाल

- ३ फेज लाईनको ट्रान्स्फरमर भवनबाट एकदमै नजिकै राख्ने तयारी रहेको (करिव १० मि)।

## २.८ जिरी शीतभण्डार जिरी नगरपालिका दोलखा

- निर्माण कार्य अन्तिम चरणमा पुगेको,
- गाउँपालिका र साझेदार सहकारी बेखबर रहेको,
- ६ वटा च्याम्बर रहेको,
- र्‍याक व्यवस्थापन नभएको,
- कृषि विकास केन्द्रको नाममा जग्गा स्वामित्व रहेको,
- भवनको अघिल्लो भागमा पानी जमेको,
- भौतिक अवस्था सन्तोषजनक नरहेको,
- मूख्य उत्पादनका रुपमा आलु र किवी रहेको,
- ३ फेज लाईन तयार भइसकेको,
- मन्त्रालयबाट पत्र तथा समन्वय नभएको कारणले आ.व. २०७८/७९ मा भुक्तानीको लागि तयार भइसकेको चेक समेत पछि रद्द गरिएको,
- ठेकेदारले गरेको कार्यले मात्र काम पुरा नहुने अवस्था रहेको,
- नगरपालिकाले हस्तान्तरण लिनुअघि कार्य पूरा भएको हुनुपर्ने,
- पूर्वाधारको अवस्था कमजोर रहेको, वाह्य व्यवस्थापकीय पूर्वाधारको अवस्था नाजुक रहेको,
- स्थानीय तहको मात्र लागत साझेदारी रहेको,
- शुरु डिपिआर पेश नगरेको ।

## २.९ मन्थली शीतभण्डार केन्द्र, मन्थली रामेछाप

- पुर्ण रुपमा नगरपालिकाको स्वामित्व रहेको,
- कम्पाउन्ड नभएको, सुरक्षा प्रवन्धको व्यवस्था नभएको,
- ग्राउन्ड फिनिसिङ नभएको,
- जेनेरेटर क्षमता नपुग देखिने,
- १०० क्षमताको ट्रान्सफर्मर जोडिएको तर क्षमता नपुग हुने साथै कार्यसम्पन्न नभएको
- सार्वजनिक जग्गामा निर्माण भएको,

- ट्रान्स्फर्मर र भवनबिचको दुरी अत्यन्त कम रहेको,
- वर्षातको पानी कटाउने व्यस्था नभएको, Gutter निर्माण नभएको,
- भवन बाहेकका अन्य आवश्यक संरचना नरहेको,
- ड्रइङ डिजाइनिङ कसरी भयो, पिसिसि, कम्पाउन्ड, प्रशासनिक भवन, आधारभूत पूर्वाधार समेत नभएको र सूरक्षाका कुनैपनि विषय नसमेटिएको,
- ठूलो क्षमताको भएकोले सञ्चालन कार्यान्वयनका लागि विशेष योजना नभए यसबाट उत्पादकत्व खासै नदेखिने,
- व्ययभार खपत गर्न कठिनाई हुने देखिएको,
- मन्त्रालयको गाइडलाइन प्राप्त नभएको,
- ग्राउन्ड डि पि सि एकपटक भत्काएर पुनः बनाइएको,
- होल्डङ सेन्टर सानो हुने देखिएको,
- बाँकी निर्माण, सञ्चालनका लागि प्राविधिक तालिम तथा हस्तान्तरण विधीका विषयमा अस्पष्टता रहेको .

## २.१० सुनकोशी शीतभण्डार सिन्धुली

- जग्गा स्वामित्वः सार्वजनिक जग्गा,
- आन्तरिक निर्माण कार्य करिब सम्पन्न,
- भवनबाट करिब १० मिटरको दुरीमा १०० क्षमताको ट्रान्सफर्मर जडान भएको,
- जेनेरेटर एउटा रहेको,
- कम्पाउन्ड, ट्वाइलेट, पानी, प्रशासनिक भवन लगायत भवनको सूरक्षा संरचना नरहेको,
- TOD मिटर खरिद गर्न बाँकी रहेको र सोको खरिदको लागि गाउँपालिकासँग सहकार्य हुने,
- हालसम्म भुक्तानी भएको सबै रकम अनियमित बेरुजु रहेको, तथा सहकारी साझेदारले पनि सिमित नागरिकलाई मात्र समेटेकाले भुक्तानीमा समस्या रहेको,
- हाललाई साझेदारीको लागि स्थानीय तहसंग बाँकी बजेट व्यवस्थापन नभएको,
- स्थानीय तह चिस्यान केन्द्र सञ्चालनमा प्रतिवद्ध रहेको तर बजेट व्यवस्थापनमा समस्या रहेको,
- प्रदेश र स्थानीय तहबिच समन्वय हुन नसकेको,
- हस्तान्तरण लिएपश्चात पनि पूर्वाधार निर्माणमा ठूलो रकम खर्चनुपर्ने अवस्था रहेको,

बागमती प्रदेश सभा
सार्वजनीक लेखा समिति
हेटौंडा, नेपाल

- स्थानीय तहले गर्नुपर्ने कुल खर्च = ( ३०% साझेदारी खर्च + पूर्वाधार निर्माण खर्च + सञ्चालन तथा व्यवस्थापन खर्च), जसले गर्दा स्थानीय तहलाई ठूलो व्ययभार पर्न जाने ।

## २.११ थाहा नगरपालिका शीतभण्डार केन्द्र, मक्वानपुर

- सहकारी र स्थानीय तहविच कार्यसञ्चालन कार्यविधी निर्माण भएको,
- स्थानीय तहको संरक्षणमा सहकारीद्वारा सञ्चालन गर्ने मोडलमा काम भएको,
- पाँच तल्लाको भवन बन्ने क्रममा रहेको,
- २२०० मे.ट. को क्षमता रहने,
- होल्डिङ सेन्टर पर्याप्त रहेको,
- प्रशासनिक भवन, शौचालय, पानी, मेसिनरी सामान राख्ने भवन तथा कम्पाउन्ड बन्ने क्रममा रहेको,
- नगरपालिकाको स्वामित्वमा रहेको १३ रोपनी जग्गामा बन्दै गरेको,
- कुलर मेसिनको लागि छुट्टै ट्याङ्की बनाइएको,
- २७ वटा सहकारी मिलेर विशिष्टिकृत सहकारीको माध्यमबाट सञ्चालन गर्न लागिएको,
- भण्डारणको लागि पर्याप्त उत्पादन रहेको र उपयोग हुने।

## २.१२ बफेलो क्वालिटी मिट प्रा लि हेटौंडा औद्योगिक क्षेत्र मकवानपुर

- स्थलगत अनुगमन हुँदा बधशाला सम्वद्ध सामाग्रीहरु नभेटिएको,
- कम्पनीको तर्फबाट प्रतिनिधी नभेटिएको,
- सबै स्थायी संरचनाहरु भत्काउने क्रममा रहेको,
- यस सम्बन्धमा मन्त्रालयका प्रतिनिधीहरुबाट जानकारी लिँदा पहिले सञ्चालनमा रहेको तर कार्यसम्पन्न पश्चात कुन समयबाट कम्पनी बन्द भयो भन्ने विषयमा अनभिज्ञ रहेको ।

## २.१३ माउन्ट एभरेष्ट हाइजेनिक मिट प्रा लि महालक्ष्मी ८ ललितपुर

- बधशाला पूर्ण रुपमा सञ्चालनमा रहेको,
- बधशालाका लागि आवश्यक सबै प्रकारका पूर्वाधारहरु रहेको,
- साथमा बंगुर फार्मसमेत रहेको,
- नियमित रुपमा कार्यसञ्चालनमा रहेको

बागमती प्रदेश सभा
सार्वजनिक लेखा समिति
हेटौंडा, नेपाल

२.१४ बंगुर फार्म धादिङ

धादिङ निलकण्ठ नगरपालिकास्थित बंगुर फार्मका सम्बन्धमा कृषि तथा पशुपन्छी मन्त्रालयको च.नं.१२४ मिति २०७९/०४/१९ को पत्रानुसार उक्त कार्यक्रम कार्यान्वयनमा नल्याइएको ।

**२.१५ मिति २०७९।०५।०२ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका तर्फबाट सचिव श्री शरण कुमार पाण्डे र महाशाखा प्रमुख श्री झलकनाथ कंडेलसँगको छलफलबाट प्राप्त विवरण**

क) चिस्यान केन्द्रका सम्बन्धमा

- कार्यविधीबमोजिम प्रस्ताव माग भएकोमा डिपिआर तयार गरी सहकारी र निजी क्षेत्रबाट प्रस्ताव प्राप्त भएको सोपश्चात स्थानीय तहसँग छलफल गरी सम्झौता भएको डिपिआरको मूख्य अंश प्रस्तावसंग मेल खाने नै रहेको र ठूलो बजेट परिमाणको प्रस्तावहरु प्राप्त भएकाले निर्धारित बजेटमा आधारमा मूल चिस्यान केन्द्र भवन मात्र निर्माण कार्य अघि बढाइएको,
- स्थानीय तह र साझेदार संस्थाबिच केही सम्झौता भएको बुझिएको साथै मन्त्रालय र साझेदार संस्थाबिचको सम्झौतामा अधिकांशमा स्थानीय तहको रोहवर रहेको,
- कोरोनाको कारण तथा ठेकेदारबाट समयमै कार्यसम्पादन नभएकाले ढिलाई भएको,
- निर्माण व्यवसायीबाट वद्नियत राखिएकोमा मन्त्रालयबाट सजगता अपनाई पटकपटक स्पष्टिकरण माग तथा पत्राचार गरी समयमै कार्य सम्पन्न गराउन प्रयास भएबमोजिम हालसम्मको प्रगति हासिल भएको र छिट्टै सम्पन्न गरिने,
- निर्माण व्यवसायीबाट ठूलो प्रतिशतमा भेरियसनका लागि प्रयास भएतापनि मन्त्रालयले त्यस प्रकृतिको भेरियसन नगर्ने,
- स्थानिय तहमा नेतृत्व परिवर्तनका कारणले पनि समन्वयमा केही समस्या रहेको तथापी मन्त्रालयले यथासम्भव प्रयास गरी समन्वय गर्ने र समन्वयकारी भूमिकामा स्थानीय तहबाट पनि प्रयास नभएको,
- चिस्यान केन्द्र सम्बन्धमा स्थानीय तहहरुमा उल्लेख भएका बेरुजूका सम्बन्धमा महालेखापरीक्षकको कार्यालय र स्थानीय तहसँग आवश्यक छलफल गरी नीतिगत स्पष्टताका माध्यमबाट समाधान गरिने,

बागमती प्रदेश सभा
सार्वजनिक लेखा समिति
हेटौंडा, नेपाल

- कार्यान्वयनका चरणमा विविध व्यवधानहरु आइरहेको तथा प्राविधिक त्रुटिहरु भेटिएको र मन्त्रालयका तर्फबाट प्राविधिक जनशक्तिले नियमित अनुगमन र निरीक्षण गरी त्यस्ता समस्याहरु समाधान गर्न निर्माण व्यवसायीहरुलाई निर्देशन भएको र सोको समाधान पूर्णरुपमा भई सञ्चालनमा आउने अवस्था भएपश्चात मात्र अन्तिम भुक्तानी हुने साथै कम क्षतिमा सञ्चालनमा ल्याउन मन्त्रालय प्रयासरत रहेको,
- चिस्यान केन्द्र सञ्चालनका लागि आवश्यक प्राविधिक पक्षका सम्पूर्ण कार्यका लागि तालिमको व्यवस्था गरिने र सो पश्चात मात्र हस्तान्तरण गरिने,
- केही स्थानहरुमा भवन निर्माणस्थलको छनौटका क्रममा भौगोलिक तथा भौगर्भिक समस्या भएतापनि जग्गाको उपलब्धताको समस्याका कारण सोही स्थानमा भवन निर्माण गरिएको,
- हस्तान्तरण पश्चात सञ्चालनमा खपत हुने विद्युत महसुल सहुलियतका लागि नीतिगत व्यवस्था गरिने,
- तत्कालिन अवस्थामा साझेदार सहकारीले ३०% बापतको रकम भुक्तानी गर्न असमर्थ रहेको र स्थानीय तहले समेत सो रकम साझेदारी गर्न नसक्ने भनी मन्त्रिपरिषद्को निर्णयबाट नै बेनिघाटरोराङ स्थित चिस्यानकेन्द्रको पूर्ण लागत प्रदेश सरकारले बेहोर्ने भनी बजेट समेत व्यवस्थापन भएकाले मन्त्रालयले सोही निर्णय कार्यान्वयन गरेको,
- नुवाकोटका दुईवटा चिस्यानकेन्द्रहरु पौष मसान्तसम्ममा सञ्चालनमा आउने गरी निर्माण कार्यलाई द्रुत बनाउन मन्त्रालयबाट प्रयास जारी रहेको,
- सबै चिस्यान केन्द्रहरु यथासक्य छिटो सञ्चालनमा ल्याउन मन्त्रालयका तर्फबाट हरप्रकारका प्रयासहरु भइरहेको,
- सञ्चालन व्यवस्थापन र स्वामित्वका सम्बन्धमा कार्यविधिमार्फत व्यवस्थित गर्ने प्रयास भएको र थप समस्याहरु आएमा पनि सोको समाधानका लागि मन्त्रालयका तर्फबाट अधिकतम प्रयास रहने ।

ख) ललितपुर र हेटौंडाका बधशालाहरु सम्बन्धमा

- बधशाला निर्माण कार्यक्रम संघीय सशर्त अन्तर्गतका कार्यक्रम रहेको र सोको कार्यान्वयन नेपाल सरकार पशुपंक्षी विकास मन्त्रालयको पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधी २०७४ बमोजिम भएको,

बागमती प्रदेश सभा
सार्वजनीक लेखा समिति
हेटौंडा, नेपाल

- ललितपुरस्थित माउन्ट एभरेष्ट हाइजेनिक मिट प्रा. लि. सञ्चालनमा रहेको र उक्त प्रा.लि. को तत्कालिन निर्माण कार्यको प्राविधिक विल बमोजिमको रकम भुक्तानी भएको,
- हेटौंडा औद्योगिक क्षेत्रमा निर्माण भएको बधशालामा निर्माण कार्य सम्पन्न भएपश्चात मन्त्रालयबाट निर्मित अनुगमन समिति तथा हेटौंडा उपमहानगरपालिकाको अनुगमन भई निर्मित संरचनाको प्राविधिक विल बमोजिमको रकम भुक्तानी भएको,
- उक्त समयमा सो बधशाला पूर्णरुपमा सञ्चालनमा आई दैनिक पाँच मेट्रिकटन भन्दा बढी मासु बजारमा पठाउने गरेको,
- निर्माण सम्पन्न भई सञ्चालनमा आएपश्चात यस प्रदेशका माननीय मूख्यमन्त्रीको उपस्थितिमा उद्घाटन भएकोले मन्त्रालयबाट नियमानुसार कार्यसम्पन्न भएकैले भुक्तानी भएको पुष्टि हुने,
- तत्पश्चात उक्त फर्मले कुनै जानकारी नगराई विक्रि गरिनु कमजोरी भएको र के कति कारणले सामानहरु बिक्रि गरिएका हुन भन्ने मन्त्रालयलाई कुनै जानकारी नभएको,
- नियमानुसार कारबाही हुनुपर्ने,

घ) बंगुर फार्म धादिङ

- उक्त कार्यक्रम कार्यान्वयनमा नल्याइएको ।

# परिच्छेद- ३

# तथ्यहरुको विश्लेषण

## ३.१ चिस्यान केन्द्र निर्माण सम्बन्धमा

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी मन्त्रालयद्वारा सञ्चालित चिस्यान केन्द्र निर्माण योजना अन्तर्गत ११ वटा चिस्यान केन्द्रको स्थलगत अनुगमन भएको थियो । योजना कार्यान्वयनमा भएको ढिलाइका कारण तथा त्रुटीहरुमा केन्द्रित भई समितिले अध्ययन गरेको थियो । अध्ययनका आधारमा निम्नानुसार समस्या/त्रुटीहरु पाइयो:

- मन्त्रालयका तर्फबाट सीमित बजेट सीमामा रहेर कार्यान्वयन गरिनुपर्ने र सोही अनुरुप विस्तृत परियोजना प्रतिवेदन (DPR) आवश्यक हुने जानकारी हुँदाहुँदै डीपीआर सहितको प्रस्ताव आव्हान गर्नु र योजना छनौट पश्चात उक्त डीपीआरलाई पन्छाएर पुनः एकै प्रकारको डीपीआर निर्माण गरी कार्यान्वयनमा ल्याइनु जसले गर्दा परामर्श सेवाको खर्च दोहोरो भएको साथै सहकारी तथा साझेदार स्थानीय तहको प्रस्तावकहरुको परामर्श खर्च खेर गएको,
- ठूला चिस्यान केन्द्रहरु निर्माणमा हुने लागत साझेदारीको क्षमता सहकारी संस्थाहरुसंग भए/नभएको यकिन नगरी सहकारीहरुसँग योजना सम्झौता गरिएको,
- चिस्यान केन्द्र भवनका साथसाथै प्रशासनिक भवन, शौचालय, खानेपानी, घेरावार तथा बाटोसहितको अनिवार्य आवश्यक संरचनाको लागि योजना तर्जुमा गर्नुपर्नेमा केवल चिस्यान केन्द्रको भवनलाई मात्र लागत अनुमान र डीपीआर तयार गरी योजना तर्जुमा भएको,
- विशिष्टिकृत प्राविधिक ज्ञानका आधारमा डीपीआर तयारी र स्वीकृत गर्नुपर्नेमा सो हुन नसकेकाले निर्माणका क्रममा विभिन्न त्रुटिहरु देखिएको,
- योजना सञ्चालनमा साझेदारको सहभागिता सम्बन्धमा स्पष्ट व्यवस्था नहुँदा निर्माणका क्रममा र हस्तान्तरण सम्मको प्रकृयामा स्थानीय तह र साझेदार सहकारीबाट स्वामित्व र अपनत्व ग्रहण हुन नसकेको,
- योजना सञ्चालनमा स्थानीय तहलाई सहभागी गराउने गरी कार्यविधि तथा मापदण्ड तर्जुमा नभएको,
- साझेदार सहकारी संस्था कमजोर र प्रकृयाका लागि मात्र सहभागी गराइएको र लागत साझेदारी स्थानीय तहबाट हुनुपर्ने वास्तविकता ज्ञात भएतापनि स्थानीय तहबाट रकम

साझेदारीका लागि सहजीकरण गर्ने गरी नीतिगत व्यवस्था नभएको फलस्वरुप स्थानीय तहको साझेदारी रकम बेरुजू कायम हुन गएको साथै उक्त बेरुजू नियमित गराउन मन्त्रालयको स्पष्ट भूमिका निर्वाह नभएको,

- मन्त्रालयले निर्माण व्यवसायीलाई निर्माण कार्य तिव्र बनाउन दवाव दिइएको र प्रयासरत रहेको भनिएतापनि कार्य प्रगति हेर्दा सो बमोजिम भएको नदेखिएको,
- सरकारको लगानी भइसकेपछि कृषक र साझेदार दुवै पर्याप्त लाभान्वित हुने गरी सञ्चालनकालागि पूर्वतयारी हुनुपर्नेमा स्थानीय तहमा सञ्चालनको तौरतरिकाबारे अन्योलताका कारण समग्र परियोजनाबारे अस्पष्टता रहेको,
- निर्माण कार्यमा देखिएका प्राविधिक त्रुटीहरु सच्याउनका लागि समयमै पहल भएको विषयमा विस्वस्त हुन नसकिएको,
- मन्त्रालय र स्थानीय तह तथा साझेदार सहकारीहरुबीच पर्याप्त सञ्चार, समन्वय सहकार्य नभएको,
- साझेदार स्थानीय तहबाट हुने भुक्तानी प्रकृयामा प्रकृयागत समस्या देखिएको,
- बजेट निर्माण भएको आर्थिक वर्ष र योजना कार्यान्वयबीच तादाम्यता नमिल्दा स्थानीय तहहरुको सम्बन्धित शिर्षकको बजेट फ्रिज भएको र हाल भुक्तानीमा समस्या देखिएको,
- बाँकी रकमको साझेदारीका लागि समयमै काम नहुनु, साझेदारी रकम सबै बेरुजू कायम हुनु तथा मन्त्रालयसँग पर्याप्त समन्वय नहुनुले साझेदार स्थानीय तह विश्वस्त नरहेको,
- साझेदारहरुबाट सञ्चालनपूर्व पूर्वाधार निर्माण र साझेदारीका गर्नुपर्ने ठूलो मात्रामा लगानी गर्नुपर्ने अवस्था देखिएको र प्राविधिक कार्य भएकाले सोको सहज सञ्चालनको सुनिश्चितताबारे साझेदारहरुमा आशंका देखिएको,
- एक चिस्यान केन्द्रको शुरुमा साझेदारसंग सम्झौता गरी पछि मन्त्रिपरिषद्को निर्णायानुसार शतप्रतिशत अनुदान दिइएको, एक चिस्यान केन्द्रको सम्झौता सोझै स्थानीय तहसँग गरिएको, एक चिस्यान केन्द्रको लागत रकम सशर्त कार्यक्रममार्फत सोझै स्थानीय तहमा पठाई सम्पूर्ण निर्माण प्रकृया सम्बन्धित स्थानीय तहबाटै गराइएको, केही स्थानीय तहबाट शुरुमा डीपीआरसहितको प्रस्ताव नभइकन पनि योजना छनौट भई सम्झौता भएको लगायतको कार्यान्वयनका अवस्थाहरु हेर्दा मन्त्रालयले स्थिर नीति तथा मापदण्ड मार्फत योजना कार्यान्वयन नगरी नीतिगत कमजोरी प्रस्तुत गरेको,

## बधशाला सञ्चालन

- बधशाला सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण भएतापनि सोको सञ्चालन सम्बन्धमा बनेको कार्यविधीले जग्गा सम्झौता अवधिसम्म सञ्चालन भएनभएको नियमित अनुगमन गर्न व्यवस्था नभएको,
- सार्वजनिक खर्चको उपयोग भई निर्माण तथा सञ्चालन भएका आयोजनाहरुको कार्यान्वयनको अवस्थाबारे सार्वजनिक निकायसमेत जानकार हुनु र अनुदानको सदुपयोग भइरहेको सुनिश्चित हुनुपर्नेमा सो व्यवस्था नभएको,
- अनुदानमार्फत सञ्चालित योजना निश्चित अवधीसम्म सञ्चालनमा रहनुपर्नेमा शुरु सञ्चालनका आधारमा अनुदान भुक्तानी हुने र तत्पश्चात अनुदान दिने निकायले नियमित अनुगमन गर्ने व्यवस्था नहुँदा उक्त रकमको दुरुपयोग हुने र लक्षित उद्देश्य हासिल नहुने अवस्था सिर्जना भएको ।

बागमती प्रदेश सभा
सार्वजनीक लेखा समिति
हेटौडा, नेपाल

# परिच्छेद ४

## सुझाव तथा निर्देशन

सार्वजनिक कोषको उपयोग गरी सञ्चालित वा सञ्चालन हुने योजनाबाट प्रत्यक्ष रुपमा नागरिकहरु लाभान्वित हुनुपर्दछ। राज्यकोषको परिचालनको सदुपयोगमा कुनै पनि बहानामा ढिलासुस्ति वा गलत मनसाय हुनुहुँदैन। आयोजना व्यवस्थापनका लागि दुरगामी नीति र योजना तर्जुमा गरी सञ्चालन गर्नुपर्नेमा नीतिगत अस्पष्टताले कार्यान्वयन पक्ष र समंग्र सञ्चालन पद्धतिलाई नै दुषित बनाउँदछ। नीति निर्माणका क्रममा बहुआयामिक ढङ्गले सरोकारवालाहरुसँगको छलफल र अध्ययन गरी उपयुक्त नीत तर्जुमा नगर्दा उत्पन्न अन्यौलताले अपेक्षित प्रतिफल हासिल हुन सक्दैन यद्यपी सुधारका उपायहरु समयमै अवलम्वन गर्न सकिएमा यसले थप क्षति हुनबाट जोगाई लाभ हासिल गर्न सकिन्छ ।

यस समितिको अध्ययनबाट सम्वद्ध पक्षहरुलाई निम्नानुसारको सुझाव तथा निर्देशनहरु दिन आवश्यक देखिन्छः

**चिस्यान केन्द्रहरुको निर्माण तथा सञ्चालन सम्बन्धमाः**

- मन्त्रालयबाट स्वामित्व र सहकार्यको स्पष्ट व्यवस्थासहितको कार्यविधी तर्जुमा गर्ने साथै साझेदारहरुसंग समन्वय गर्ने,
- योजना तर्जुमाका चरणमा लागत साझेदारीका ह्रिस्सेदारहरुको क्षमताको आँकलन गरी सम्भाव्यव साझेदारलाई सहभागी गराउने व्यवस्था गर्ने,
- साझेदारी रकम भुक्तानीमा भएको समस्या समाधानका लागि स्पष्ट आधार निर्माण गरी सहकार्य गर्ने,
- आगामी योजनाहरुमा लागत साझेदारी मात्र नभई योजना कार्यान्वयमा समेत साझेदारी एवम् सहभागी गराउने विधीको अवलम्बन गर्ने,
- योजनाको शीघ्र कार्यान्वयन, सञ्चालन र हस्तान्तरणका साथै चिस्यान केन्द्र सम्बद्ध अन्य आवश्यक पूर्वाधारहरुको निर्माण तथा प्राविधिक सीप हस्तान्तरणका लागि नीति तथामापदण्ड तर्जुमा, Technical manual निर्माण, सञ्चालन खर्च न्युनिकरण र व्यवस्थापनका उपायहरु तथा विद्युत महशुल सहुलियतका लागि व्यस्थापन गर्ने,

बागमती प्रदेश सभा
सार्वजनीक लेखा समिति
हेटौंडा, नेपाल

- निर्माण सम्पन्न भई सञ्चालन समेत भइसकेका चिस्यान केन्द्रको हकमा तत्काल प्राविधिक तालिम सञ्चालन गर्ने,
- चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधी बमोजिम स्थानीय तहबाट लागत साझेदारी भएका चिस्यान केन्द्रहरुको स्वामित्व सम्बन्धित स्थानीय तहमा हस्तान्तरण हुने व्यवस्था भएकाले अन्य आवश्यक प्रकृया पूरा गरी साझेदारी बापतको बाँकी रकम स्थानीय तहले नियमानुसार भुक्तानी गर्ने र सो प्रकृयाका लागि रहेका समस्याहरु समाधानका लागि मन्त्रालयले आवश्यक कार्य गर्ने,
- एकै प्रकारका योजनाहरुमा साझेदारी अंश, योजना कार्यान्वयन विधि, साझेदारी प्रकृया फरक फरक ढङ्गले अवलम्वन गरिएकाले साझेदारहरुमा अन्यौलता रहेकोले यस्ता विषयहरुमा स्पष्ट पारी आगामी दिनमा एकै प्रकारका नीतिद्धारा कार्यान्वयन गर्न निर्देशन दिने, विशेषगरी धादिङस्थित बेनिघाटरोराङ गाउँपालिकास्थित चिस्यान केन्द्रमा शुरुमा मन्त्रालयले साझेदार सहकारीसंग साझेदारी गर्ने गरी सम्झौता गरेको र पछि खास स्पष्ट कारणबेगर नै मन्त्रिपरिषद्को निर्णयमा शतप्रतिशत लगानी प्रदेश सरकारले गर्ने गरी कार्यान्वयनमा ल्याउँदा अन्य चिस्यान केन्द्रहरुमा लगानी साझेदारीमा अन्यौलता सिर्जना भएकाले यस्ता प्रकृतिका निर्णयहरु नगर्न सरकारलाई निर्देशन दिने,
- विभिन्न बहानामा भएका ढिलासुस्तीका कारण साझेदार र लाभग्राही पक्षलाई विभिन्न प्रकारले क्षति पुगेकाले योजना यथाशीघ्र सम्पन्न गराउन निर्माण व्यवसायीलाई जिम्मेवार बनाउने,
- चिस्यान केन्द्र निर्माण र सञ्चालन प्राविधिक र महत्वपूर्ण विषय रहेको साथै सोको प्रयोगका क्रममा हुने सामान्य त्रुटीबाट समेत भण्डारणमा रहेका कृषि उपजमा ठूलो क्षति हुने भएकाले ७२ घण्टे प्राविधिक परीक्षण अवधीलाई अझ बढाउने साथै निर्माणका क्रममा भएका प्राविधिक, भौतिक तथा गुणस्तरका सम्बन्धमा देखिएका सबै त्रुटीहरुको सुक्ष्म अध्ययन गरी तत्काल सच्याउने,
- चिस्यान केन्द्रको क्षमता र उत्पादनको क्षमताबीचको अन्तरका कारण उपयोगिता सम्बन्धमा भएका आशंकाको परिपूरण गर्न सञ्चालनका सम्भावना तथा प्रकृया सम्बन्धमा मन्त्रालयले साझेदारहरुलाई सहजीकरण गर्ने,
- सञ्चालनमा आएपश्चात स्थानीय उत्पादनको भण्डारण नभई व्यापारिक प्रयोजनका गैरकृषकहरुले मात्र यसको लाभ लिन सक्ने जोखिम रहेकाले स्थानीय उत्पादन र

बागमती प्रदेश सभा
सार्वजनीक लेखा समिति
हेटौंडा, नेपाल

उत्पादकलाई चिस्यान केन्द्र उपयोगमा विशेष व्यवस्था हुनेगरी प्राथमिकता निर्धारण गर्ने कार्यविधी निर्माण गर्ने,

- कृषि उपज उत्पादन र भण्डारणका क्रममा हुने Holding period का कारणले हुने आर्थिक समस्या समाधानार्थ सहकारीका माध्यमबाट कृषकमा ऋण परिचालन, बजार व्यवस्थापन सहजीकरण तथा उपयुक्त समयमा उत्पादनको बजार प्रवाहिकरण गराउन सक्षम संयन्त्रको विकास गराई Periodic Market Supply का माध्यमबाट कृषि उपजको आयात प्रतिस्थापन गर्न प्रयास गर्ने,
- स्थानीय तहमा कायम बेरुजू फर्छ्यौटका लागि मन्त्रालयले महालेखापरीक्षकको कार्यालयसँग समन्वय गर्ने,
- चिस्यान केन्द्र भवन बाहेकको अत्यावश्यक संरचना निर्माण ( प्रशासनिक भवन, शौचालय, खानेपानी, कम्पाउन्ड, विद्युतिकरण ) , वर्षातको पानी व्यवस्थापन, Gutter निर्माण, पहुँच मार्गको सडक निर्माण, भूक्षय नियन्त्रण जस्ता कार्यको एकिकृत योजना निर्माण गरी भवन निर्माण कार्य सम्पन्न गर्ने चरणसँगै सो पूर्वाधार निर्माणको सुनिश्चितताका लागि प्रदेश सरकार, स्थानीय सरकार र साझेदारको सहकार्यमा योजना निर्माण र बजेट व्यवस्थापन तथा कार्यान्वयन तत्काल गरी हस्तान्तरण पश्चात पूर्णरुपमा संचालनमा आउने व्यवस्था मिलाउने,
- मन्त्रालयबाट नीति तर्जुमा र योजना व्यवस्थापनका क्रममा धेरै कमीकमजोरीहरु देखिएकाले पर्याप्त अध्ययन, विश्लेषण र छलफलबाट मात्र नीति तर्जुमा गर्ने र योजना व्यवस्थापनका चरणमा दीगोपना, उपयोगिता र लाभ लागत विश्लेषणमा विशेष ध्यान पुऱ्याउने,
- मन्त्रालयबाट निर्माण प्रकृया सञ्चालन गरिएतापनि अन्तत्वगोत्वा स्थानीय तहबाट स्वामित्व ग्रहण र साझेदार सहकारीसहितको सहभागितामा सञ्चालन तथा व्यवस्थापन गरिने भएकाले सम्बन्धित स्थानीय तह र साझेदार सहकारीले समेत योजना सञ्चालनको नियमित अनुगमन गर्ने साथै मन्त्रालयसँग आवश्यक सम्पर्क र समन्वय गर्ने,
- प्राविधिक परीक्षण तथा हस्तान्तरण पश्चात पनि मन्त्रालयबाट नियमित अनुगमन, निरीक्षण गर्ने तथा सञ्चालन व्यवस्थापन प्रणालीको प्रगति र अवस्थाबारे निरन्तर मन्त्रालय जानकार रहने गरी नीतिगत व्यवस्था गर्ने,
- निजी साझेदारीको हकमा निर्माण र हस्तान्तरण पश्चात साझेदारको पूर्ण स्वेच्छाचारिता हुनसक्ने र वास्तविक लाभग्राही कृषकहरु चिस्यान केन्द्रको उपयोगको अवसरबाट बन्चित

बागमती प्रदेश सभा
सार्वजनिक लेखा समिति
हेटौंडा, नेपाल

हुनसक्ने, सञ्चालन दररेट अस्वभाविक हुनसक्ने जोखिम न्युनिकरण गर्न साथै सार्वजनिक कोषको प्रयोगको सदुपयोग गर्न आवश्यक नीति तर्जुमा गर्ने,

- निजी साझेदारले हस्तान्तरण पश्चात उक्त सम्पत्तिको स्वामित्व विक्रि गर्ने तथा पूर्ण निजी स्वामित्वमार्फत मनोमानी ढङ्गले सञ्चालन गर्नसक्ने अवस्थालाई मध्यनजर गरी सार्वजनिक कोषको लगानीको दुरुपयोग रोक्न सकिने र निश्चित अवधीसम्म स्थानीय कृषकले लाभ प्राप्त गर्ने सुनिश्चितता हुनेगरी नीतिगत व्यवस्था गर्ने,
- सञ्चालन व्यवस्थापन प्रभावकारिता अभिवृद्धिका लागि मन्त्रालयका तर्फबाट हस्तान्तरण पूर्व नै स्थानीय तह र साझेदार सहकारीहरुलाई पर्याप्त तालिमको व्यवस्था गर्ने,

**बधशाला निर्माण तथा सञ्चालन सम्बन्धमाः**

- मन्त्रालयबाट अनुदान लिएको छोटो समयमै हेटौंडा औद्योगिक क्षेत्रस्थित बफेलो मिट प्रा लि का सम्पूर्ण उपकरण र भौतिक संरचनाहरु समेत कार्यक्रमस्थलमा नभेटिनुले अनुदानको दुरुपयोग भएको ठहर गर्दछ। निश्चित समयसम्म जग्गा भाडामा लिएर वा अन्य तरिकाबाट उक्त जग्गा अन्य उपयोगमा प्रयोग नहुने गरी प्रमाण कागजात पेश गरी योजना सम्झौता गर्ने र अनुदान प्राप्तिपश्चात छोटो समयमै उक्त कार्यक्रमको उद्देश्य नै मेटिने गरी सम्पत्ती तथा संरचना कार्यक्रम स्थलबाट हटाउनुले कार्यक्रमको लक्ष्य अनुरुप काम नभएको देखिएकाले उक्त कार्यक्रमको अनुदान प्राप्तकर्तालाई मन्त्रालयले नियमानुसार कारवाही गर्ने,
- महालक्ष्मी – ८ ललितपुरस्थित माउन्ट एभरेष्ट हाइजेनिक मिट प्रा लि को समेत जग्गा भाडामा लिएको वा सम्झौता कागजात बमोजिमको अवधीसम्म र अन्य आवश्यक नियमानुसारको अवधीसम्मको नियमित रुपमा सञ्चालनको अवस्था र प्रगति विवरण मन्त्रालयले प्राप्त गर्ने व्यवस्था गर्ने,
- सार्वजनिक कोषको दुरुपयोग रोक्न सरकारको अनुदान प्राप्त फर्महरुको सञ्चालनको अवस्थाबारे निश्चित अवधीसम्म मन्त्रालय जानकार रहने र नियमित अनुगमन गर्ने व्यवस्था गर्ने,
- यस्ता प्रकृतिका अनुदानको उपयोगिता सुनिश्चित हुनेगरी सञ्चालन अवस्थाबारे मन्त्रालय जानकार रहनेगरी नीतिगत व्यवस्था गर्ने,
- न्यूनतम सञ्चालन अवधीको अनिवार्यता तोकिने गरी अनुदानमा आधारित कार्यक्रम सञ्चालनको नीतिगत व्यवस्था गर्ने.

# परिच्छेद – पाँच

## निष्कर्ष

सार्वजनिक खर्चको उपयोग पश्चात त्यसले समयमै प्रतिफल नदिनु वा सोको दुरुपयोग हुनुले सरकारका लक्ष्य तथा उद्देश्य हासिल हुन नसक्ने अवस्थालाई जनाउँदछ। समितिलाई प्राप्त कार्यक्षेत्र बमोजिमका जिम्मेवारीहरुका लागि विभिन्न प्रकृयाहरु पूरा गरी यो प्रतिवेदन तयार भएको छ।

प्रदेश सरकारको महत्वपूर्ण आयोजनाको रुपमा रहेको चिस्यान केन्द्र निर्माण कार्यक्रम समयमै सम्पन्न हुन नसक्नुका पछाडि देखिएका कारणहरुबारे प्रतिवेदनमा उल्लेख भएको छ र सुझाव तथा निर्देशन समेत त्यसै अनुरुप दिइएको छ। नीतिगत कमजोरी, योजना व्यवस्थापनमा देखिएका कमजोरी तथा स्पष्ट कारणबेगर नै मन्त्रिपरिषद्को निर्णयमार्फत अनुदानको मोडालिटिमा परिवर्तन गरिनु, अनेकन वहानामा निर्माण व्यवसायीको म्याद थप गरिनु, स्थानीय तह र साझेदार सहकारीहरुसंग मन्त्रालयको समन्वयको अभाव रहनुले कार्यान्वयनमा ढिलाई भएकाले सम्बन्धित पक्षबाट यस्ता कमीकमजोरीहरुलाई समयमै समाधान गर्न आवश्यक निर्देशन दिइएको छ ।

पशुबधशाला निर्माण तथा सञ्चालनका सम्बन्धमा भएका सामान्य नीतिगत कमजोरी अर्थात योजना सम्पन्न भएपश्चात सोको नियमित रेखदेख र प्रगति प्रतिवेदन प्राप्त गर्ने सञ्चालन हुन नसकेको अवस्थामा पनि मन्त्रालय जानकार रहने तथा सञ्चालन नियमितताको वैकल्पिक उपायहरु अवलम्वनको व्यवस्था नहुनुको कारण योजना नै बन्द गरिएको अवस्थामा नियमानुसार कारबाही गर्न र नीतिगत कमजोरी सुधार गर्न मन्त्रालयलाई आवश्यक निर्देशन दिइएको छ।

योजना छनौट,  नीति तर्जुमा र कार्यान्वयनका चरणमा हुने सामान्य कमजोरीका कारण विभिन्न जटिलताहरु आइपर्ने तथा समग्र योजनाको अपेक्षित उपलब्धी हासिल नहुने अवस्थाको सिर्जना भई सरकारप्रति लाभग्राही र नागरिकको दृष्टिकोण नकारात्मक हुन पुग्दछ। संघीयताको विकासमा प्रदेश संरचनाको भूमिकामा विभिन्न कोणबाट प्रहार भइरहेको वर्तमान सन्दर्भमा प्रदेश सरकारले यस्ता त्रुटीहरु कम गर्न इमान्दारिताका साथ कार्य गर्न र जनशक्ति विकास तथा नीति, योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा विशेष महत्व दिन निर्देशन दिएको छ।